# बालबालिकाले बल्ल पाउने भए पक्की भवनको कक्षा कोठा



**चौरभिग्म (कालिकोट)–** श्री जनता आधार भूत विद्यालयका बालबालिकाले बल्ल पक्की भवनका कक्षा कोठामा बसेर पढ्न पाउने भएका छन् । तिलागुफा नगरपालिका-१ चौरभिग्मस्थित सो विद्यालय भवनलाई २०७२ वैशाख १२ गतेको विनासकारी गोरखा भूकम्प एवं वि.सं. २०७९ को वर्षाका कारणले केही क्षति पुऱ्याएको थियो ।

हालसम्म बालबालिका त्यही क्षतिग्रस्त भवनको कक्षा कोठामा पढ्न बाध्य थिए । भूकम्प गएको करिब १० वर्षपछि विद्यालयको हाताभित्र नयाँ तीनकोठे पक्की भवन तयार भएको हो ।

नेपाल रेडक्रस सोसाइटी कालिकोट शाखाले तिलागुफा नगरपालिकासँगको सहकार्यमा विद्यालय भवन बनाउन सहयोग गरेको हो । लक्जम्बर्ग रेडक्रसको आर्थिक एवं प्राविधिक सहयोगमा यहाँ सञ्चालित 'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रमले भवन बनाउन सहयोग गरेको हो । विद्यालयकी शिक्षिका रञ्जना अधिकारीका अनुसार वि.सं. २०६४ मा स्थापना भएको सो विद्यालयमा हाल ४० बालबालिकामात्र अध्ययन गर्दछन् ।

यसपछि थप अध्ययन गर्न यहाँका बालबालिका मालिका माविमा जाने गर्दछन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कर्णजीत बुढाले भने, 'कक्षा कोठा नहुँदा बालबालिका कहिले खुला चौर त कहिले जीर्ण भवनका कोठामा बस्न बाध्य थिए । बल्ल नयाँ भवन बन्यो । यसका लागि तिलागुफा नगरपालिकाका मेयर र नेपाल रेडक्रसलाई धन्यवाद दिन चाहन्छु ।'

नवनिर्मित भवनको अवलोकन गर्न यहाँ आइपुगेका तिलागुफा नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्यायले आगामी दिनमा विद्यालयलाई आवश्यक पर्ने अन्य स्रोत साधन सहयोग गर्ने जानकारी दिए । यस विद्यालयमा अतिविपन्न समुदायका बालबालिका अध्ययन गर्दछन् । नगरप्रमुख उपाध्यायको विशेष सक्रियतामा विद्यालयको नयाँ भवन बनेको हो ।

तिलागुफा-१ का वडाध्यक्ष मनबहादुर बुढाले बालबालिका चौरमा बसेर पढ्नुपर्ने अवस्था अन्त्य भएको र आगामी दिनमा विद्यालयलाई आवश्यक पर्ने स्रोतसाधन उपलब्ध गराउन वडाले पहल र समन्वय गर्ने जानकारी दिए । नेपाल रेडक्रस सोसाइटीकी निर्देशक मोना अर्यालका अनुसार विनासकारी गोरखा भूकम्पबाट क्षति भएका विद्यालय भवन र अन्य विपद्बाट क्षति भएका विद्यालय, स्वास्थ्य सस्था, खानेपानीका संरचनाजस्ता सार्वजनिक संरचनालाई पुनर्निर्माण गर्न नेपाल रेडक्रसले निरन्तर सहयोग गर्दै आएको छ ।

'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम'का जिल्ला संयोजक रवि लामिछाने विकट क्षेत्रका समुदायका मागलाई सम्बोधन गर्न कार्यक्रमले आफ्ना गतिविधिमा नगरपालिकालाई सहयोग गरिराखेको जानकारी दिए ।

**शौच गर्न जंगल छिर्नुपर्ने अवस्थाको अन्त्य**

सत्यदेवी माध्यमिक विद्यालयका बालबालिकाले घरबाटै खानेपानी लिएर विद्यालय आउन नपर्न भएको छ । तिलागुफा नगरपालिका वडा ६ जुविथास्थित बालीचौरस्थित सो विद्यालयमा खानेपानीको सुविधा भएपछि वर्षौंपछि बालबालिकाले घरबाटै खानेपानी लिएर विद्यालय आउन नपर्ने भएको हो । वि.सं. २०३८ मा यो विद्यालय स्थापना भएको थियो । तिलागुफा नगरपालिकाले लक्जम्बर्ग रेडक्रसको आर्थिक एवं प्राविधिक सहयोगमा यहाँ सञ्चालित 'एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रममार्फत खानेपानीसहित शौचालय, विद्यालय भवनमा 'च्यानल गेट' राख्न सहयोग गरेको थियो ।

कक्षा ९ मा अध्ययनरत नर्जन शाहीले भने, 'विद्यालयमै खानेपानीको धारा जडान भएपछि घरबाटै खानेपानी लिएर विद्यालय आउनुपर्ने अवस्था र शौच गर्न जंगल छिर्नुपर्ने अवस्था अन्त्य भएको छ ।' जुनियर तथा युवा रेडक्रस सर्कल कार्यसमितिका अध्यक्षसमेत रहेका शाहीले भने, 'शौच गर्न जंगल छिर्नुपर्दा पठनपाठनमा समस्या भएको थियो । शौचालय बनेपछि सुविधा भएको छ । यसका लागि नेपाल रेडक्रसलाई धन्यवाद ।'

विद्यालयका प्रधानाध्यापक सनम शाहीले भने, 'विद्यालय भवनको तल्लो तलामा बालबालिका माथिल्लो तलामा गाईवस्तु हुन्थे । गाईवस्तुका गोबर सफा गरेर र गाईवस्तुलाई बाहिर धपाएरमात्र बालबालिका कक्षाकोठामा पस्नुपर्ने अवस्था थियो । भवनमा च्यानल गेटको व्यवस्था भएपछि विद्यालय भवनमा गाईवस्तु छिर्न बन्द भएका छन् ।' उनले विद्यालयमै खानेपानी सुविधा र शौचालय हुँदा विद्यार्थीको शैक्षिक गुणस्तरमाथि उठ्ने विश्वास व्यक्त गरे । *रासस*

## अरुण नदीमा रहेको अवैध क्रसर उद्योग सञ्चालनमा रोक

**भोजपुर–** भोजपुरको अरुण गाउँपालिका-६ लेगुवाघाटमा अवैधरूपमा सञ्चालन हुँदै आएको क्रसर उद्योग सञ्चालनमा रोक लगाइएको छ । कुनै पनि कानुनी प्रक्रिया पूरा नगरी विगत लामो समयदेखि चल्दै आएको उक्त उद्योग जिल्ला अनुगमन समितिले स्थलगत अनुगमनपछि बन्द गराएको हो ।

स्थलगत अनुगमनका क्रममा यो क्रसरले अवैधरूपमा प्राकृतिक स्रोतको दोहन गरेको पाइएपछि सञ्चालनमा रोक लगाइएको जिल्ला समन्वय समिति प्रमुख कमल थुलुङले जानकारी दिए । अन्य क्रसर उद्योगहरू अनुगमन भइरहेको उनको भनाइ छ । 'हामीले जिल्ला सञ्चालनमा रहेका क्रसर उद्योगको अनुगमन गरिरहेका छौं,' प्रमुख थुलुङले भने, 'कानुनविपरीत रहेका क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउन बन्द गराउँदै आएका छौं । अनुगमनका क्रममा अवैधरूपमा सञ्चालनमा रहेको पाइएपछि लेगुवाघाटमा रहेको क्रसर उद्योगलाई बन्द गराएका छौं ।' यो क्रसर उद्योगले अनधिकृतरूपमा नदीजन्य पदार्थ उत्खनन् गरेको पाइएको प्रमुख थुलुङले जानकारी दिए । आवश्यक कानुनी प्रक्रिया पूरा नगरेसम्म सञ्चालनका लागि रोक लगाइएको उनको भनाइ छ । अवैधरूपमा चलिरहेको उक्त क्रसर उद्योग सञ्चालनमा रोक लगाएपछि विभिन्न व्यक्ति तथा समूहले सञ्चालनका लागि दबाब दिइरहेको उनले बताए ।

'राज्यको सम्पत्ति दोहन गर्न पाइँदैन,' उनले भने, 'सबै क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउनका लागि आवश्यक कदम अघि बढाएका छौं ।' जिल्ला अनुगमन समितिले नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७ विपरीत सञ्चालनमा रहेको जनाएको छ । पक्की पुलबाट ५०० मिटर, सडक मार्ग, खोला किनाराबाट २०० मिटर र हाइटेन्सन लाइनभन्दा १०० मिटर टाढाको दूरीमा क्रसर सञ्चालन गर्नुपर्ने कानुनी प्रावधन रहे पनि छ यो उद्योगले कुनै पनि प्रक्रिया पूरा नगरेको अनुगमन समितिले जनाएको छ ।

हाल यो क्रसर यो उद्योग लेगुवा-भोजपुर राजमार्गको पक्की पुलदेखि करिब ३०० मिटर उत्तर, अरुण नदी किनाराबाट ६० मिटरको दूरीमा सञ्चालनमा रहेको छ । बस्तीभन्दा ५०० मिटरभित्र भए बन्द गर्नुपर्ने प्रावधान रहेको छ । क्रसर भोजपुरको लेगुवा बजार र धनकुटाको राम बजारबाट ३५० मिटरभित्र रहेको समितिको ठहर छ । *रासस*

# भ्रष्टाचार नियन्त्रण आफैंबाट सुरु गर्न युवा पुस्ताको जोड

**चितवन–** 'आँखा चिम्म गरी सपनाको दुनियाँमा हराउनु पर्दैन, आफू सध्य छौं भने कोहीसँग डराउनु पर्दैन' । जेन-जी आन्दोलनका अगुवा अधिराज यादवले यो श्लोक वाचन गर्दा हलमा परर ताली बज्यो । जिल्ला प्रशासन कार्यालय चितवनको आयोजना तथा भ्रष्टाचारविरुद्धको अभियान चितवन एवं भ्रष्टाचारविरुद्ध नागरिक निगरानी संस्था, भ्रष्टाचारविरुद्ध जागरण अभियानले संयोजन कार्यक्रममा यादवले भ्रष्टाचारविरुद्ध सबैजना एकै ठाउँमा आउनुपर्नेमा जोड दिए ।

भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय दिवसका अवसरमा मंगलबार आयोजित सुशासन र सदाचार प्रवर्द्धनमा प्रतिबद्धता कार्यक्रममा उनले देशमा भ्रष्टाचार नियन्त्रण गर्न चाहने हो भने सुरुआत आफैंबाट गर्न आवश्यक रहेको बताए । उनले भने, 'राजनीतिक दलदेखि सरकारी कार्यालयसम्म र घरदेखि सहरसम्म जताततै भ्रष्टाचारको गन्धले गन्हाएको छ । यसलाई सुधार गर्न लाग्नुपर्छ ।' युवा पुस्ताले यो कुरा बुझेको बताउँदै उनले अहिलेको समयमा पनि भ्रष्टाचार नियन्त्रण गर्न नसके कहिल्यै नहुने बताए ।

जेन-जी अगुवा आयुष पौडेलले सार्वजनिक खरिद ऐनलाई परिमार्जन गर्दै सरकारी सेवाहरू प्रविधिमैत्री बनाउन सके भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने धारणा राखे । गत भदौ २३ र २४ गते भएको प्रदर्शन भ्रष्टाचारविरुद्ध मात्रै नभएर अब युवा जागे है भन्ने सन्देश भएको उनले बताए ।

हरेक स्थानमा जनताको सहभागितालाई आत्मसात् गर्दै अघि बढ्न सके भ्रष्टाचार नियन्त्रण गर्न सकिने उनको भनाइ थियो । दलहरूले गरेका राजनीतिक नियुक्तिदेखि कर्मचारीहरूको कमिसनसम्म भ्रष्टाचारको जालो मौलाएको बताउँदै उनले यसलाई रोक्न सबै आ-आफ्नो ठाउँबाट लाग्न जरुरी रहेको बताए । जेन-जी समूहका चितवन संयोजक आशीष सापकोटाले भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाजदेखि सबै एक हुन जरुरी रहेको बताए । अहिले देशमा केही परिवर्तन हुन्छ कि भन्ने आभाष भएको भन्दै उनले जनताको खबरदारीले नै देश बन्ने बताए । युवा पुस्ताको चाहनाअनुसार शासकहरू अघि नबढ्दा आफूहरू आन्दोलित बन्न बाध्य भएको उनको भनाइ छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले भ्रष्टाचार न्यूनीकरणका लागि युवा पुस्ताको भावनाअनुसार अघि बढ्न आवश्यक रहेको बताए । उनले भने, 'सबैले जिम्मेवारी लिएर भ्रष्टाचार नियन्त्रणमा लाग्नुपर्छ ।' युवा पुस्ताहरू यसमा चनाखो हुन आवश्यक रहेको उनको भनाइ थियो ।

सो अवसरमा बोल्ने वक्ताहरूले राजनीतिक दलका नेता एवं राज्य संयन्त्र चलाउने कर्मचारीहरू आफूबाट सुधार गर्दै जाँदा भ्रष्टाचार निवारण गर्न सहयोग पुग्ने बताए । त्यस अवसरमा संविधानसभा सदस्य विष्णुमाया परियार, भ्रष्टाचारविरुद्धको अभियान चितवनका संयोजक भीमबहादुर श्रेष्ठ, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, रास्वपा चितवनका सभापति कृष्णप्रसाद भुषाल, नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष वसन्त पराजुलीलगायतले भ्रष्टाचार घरघरबाट हटाउन आवश्यक रहेको बताए । *रासस*


**Sarumarani Rural Municipality**
**Office of Rural Municipal Executive**
**Baddanda, Pyuthan**
**Lumbini Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of First Publication: 10th Dec, 2025**

1. The Office of Sarumarani Rural Municipal Executive, Baddanda Pyuthan invites electronic bids from Nepalese eligible bidders for works as mentioned below under National Competitive Bidding Procedure.

| Contract No. | Description of Works | Bid Document Fee (Nrs.) | Bid Securi-ties (Nrs.) | Estimated Price (With out VAT and Contingencies ) |
|---|---|---|---|---|
| SRM/NCB/ Works-09/082/83 | Construction of Kaliban Lift Sinchai | 3000 | 52,000 | 2,061,885.48 |
| SRM/NCB/ Works-10/082/83 | Construction of Sabik ward no. 3 and 4 lift sinchai | 3000 | 52,000 | 2,061,778.04 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Sarumarani Rural Municipal Executive, Baddanda, Pyuthan during office hours, Office website https://sarumaranimun.gov.np/. Contact No. 9857035752 and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egg.

**Chief Administrative Officer**

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८२/०८/२४**

यस बैंकको निक्षेपकर्ता श्री नेवालाल झाको नाति, श्री बलभद्र झाको छोरा, श्रीमती अन्नपुर्ण देवी झाको श्रीमान्, सर्लाही जिल्ला, हनुमाननगर गा.वि.स. वडा नं ०१ घर भई हाल सर्लाही जिल्ला, गोडैटा न.पा., वडा नं ८ बस्ने वर्ष ७९ को श्री **शोभा कान्त झा** (ना.प्र.प.न ३५६९००७४, २०४३/०९/०१, सर्लाही) को मिति २०८२/०८/१२ गते असामायिक निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोरा धिरेन्द्र कुमार झाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा धिरेन्द्र कुमार झाको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Khatyad Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Mugu**

**CORRECTION NOTICE**

This is to notify all concerned bidders that the previously published dates mentioned in brackets for the Submission of Bid and Opening of Bid contained a typographical error. The corrected dates are as follows:

- **Incorrect Date**
  Submission of Bid: Up to 2082/09/22 (22nd Sep, 2026) Opening of Bid: 2082/09/22 (6th January 2026)
- **Corrected Date**
  Submission of Bid: Up to 2082/09/22 (6th January 2026) Opening of Bid: 2082/09/22 (6th January 2026)

This correction notice shall be considered as an official amendment to the previously published bid invitation.

**Chief Administrative Officer**

**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल ।**

**बोलपत्र स्विकृत गर्ने आशयको सुचना**

प्रथम पटक प्रकाशित मिति :- २०८२/०८/२४

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/०७/१६ गतेको सूचना अनुसार Supply and Delivery of Sanitary Pads सम्बन्धि बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ।

**छनोट भएको बोलपत्रदाताको विवरण:-**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Goods/14/2082-083 | ***Supply and Delivery of Sanitary Pads*** | Angel touch Hygiene Manufacturing Pvt.Ltd. Mahila Ghar Bhaisepati | **12,02,602.50** |

**प्रमुख प्रशासकीय अधिकृत**